# मध्यनेपाल नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

भोर्लेटार, लमजुङ
गण्डकी प्रदेश, नेपाल

पत्र सः ०८१/८२
च. नं.

फोन नं ०६६-४१०२५२
मितिः२०८१/११/०८

आ.व.२०८२/०८३ को लागि न्यूनतम रोजगारीमा संलग्न हुन निवेदन दिने सम्बन्धी सूचना।

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारको हक सम्बन्धी नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका (दोस्रो संसोधन,२०७८ सहित) को दफा १८ बमोजिम आगमी आ.व. २०८२/०८३ मा रोजगार सेवा केन्द्र, मध्यनेपाल नगरपालिका लमजुङको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न इच्छुक सामाजिक तथा आर्थिक अवसरवाट वन्चित महिला, आदिवासी जनजाति, दलित, सिमान्तकृत समुदाय तथा विपन्न वर्गका १८ देखि ५९ वर्ष उमेर समूहका बेरोजगार नागरिकले मिति २०८१/११/३० गतेसम्म आफूले स्थायी बसोबास गरेको सम्बन्धित वडा कार्यालयमा बेरोजगार व्यक्तिको सूचीमा सूचिकृत हुन देहायानुसारका आवश्यक कागजात सहित निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ। निवेदनको ढाँचा सम्बन्धित वडा कार्यालय वा प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाईट **https://pmep.gov.np** वाट प्राप्त गर्न सकिनेछ।

निवेदनका साथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु

- प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिक, २०७५ को अनुसूची १ बमोजिमको निवेदन फाराम
- निवेदकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि १ प्रति
- हालसालै खिचेको पासपोर्ट साईजको फोटो १ प्रति
- निवेदकले कुनै सिपमूलक तालिम लिएको भए सो को प्रमाणपत्रको प्रतिलिपि १ प्रति
- परिवारको सम्पूर्ण सदस्यको नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि
- बसाईंसराई वा महिलाको हकमा विवाह दर्ता भएको भए सो को प्रमाण-पत्रको प्रलिलिपि १ प्रति

चण्डिका पौडेल
प्रमुख प्रशासकीय अधिकृत

नोटः माथि उल्लेखित आवश्यक कागजात र विवरण अपूर्ण भएमा फारम स्वीकृत गरिने। साविकमा सूचीकृत भएका बेरोजगार व्यक्तिहरुले समेत पुनःसूचीकृत हुन निवेदन दिनु पर्नेछ।

थप जानकारीका लागि
विजय लामा रोजगार संयोजक-९८४५३५५४७९
अनिल कुंवर रोजगार सहायक-९८४५७०६४७

info@madhyanepalmun.gov.np www.madhyanepalmun.gov.np 9856014111(Mayor) 9856016111(CAO)